# नेपाल गजेट

## भाग १

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७] काठमाडौं फाल्गुन २२ गते २०१४ साल [अतिरिक्ताङ्क १४


## शाही घोषणा।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयीनाम् ।

आगे प्यारा प्रजाहरूके यथोचित,

यहि आउने संवत् दुई हजार पन्द्र सालको फाल्गुन सात गतेदेखि संसद्-को निमित्त आम चुनावको काम थालिने कुरा सबैले थाहा पाएकै छ. आम चुनाव नभए सम्म पनि मुलुकको कामकाजमा सरकारलाई राय सल्लाह दिन एक सल्लाहकार सभा गठन गर्ने पनि हाम्रो इरादा हो.



६३९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नत जिल्ला २ का मानिसहरूलाई हामीलेनै सोझै मनोनीत गरे पनि हु थियो। आफना २ जिल्लामा सबैले पत्याएका, जनतालाई दुःख पीर नदिने, इमान्दार, देश र जनताको भलो चिताउने, सेवा भाव भएका—यस्ता खालका को को मानिस छन्-वर्षौंको अनुभवबाट जिल्लाकै बासिन्दाहरूलाई बढ्ता थाह हुन्छ। यसैले नेपाल राज्यका प्रत्येक जिल्ला, गढी, गौंडा, गोश्वराका नेपालीहरूले आफना जिल्लाका बडाहाकिमले तोकिदिएको ठाँउ र समयमा जम्मा भै पाँच जना जिल्लाका मानिसहरूको नाम ठेगान गरिदिनु। जिल्लाका बडाहाकिम १, मालको हाकिम १, अपिल वा अमिनी अदालतको हाकिम १ र तिनैले एकमत भै छानेका सोही जिल्लाको अरू दुई प्रतिष्ठित व्यक्ति समेत पाँच जनाले माथि भने बमोजिमको जनसमुदायले बहुमतद्वारा एकिन गरि दिएका मानिसहरूको नाम,थर, वतन यहि आउने चैत्र मसान्त सम्ममा हाम्रा हजुरमा जाहेर गरि पठाउनु भनी हुकूम बक्सेका छौं। यस किसिमसंग जिल्ला २ का जनताले छानि पठाएका नावहरू मध्येबाट र दरकार अनुसार थप घट र छनौट गरी सल्लाहकार सभाको सदस्य भई काम गर्न मनोनीत हुने छन्। यस काममा सबैले मन लगाई पनपक्षको भाव नली सहयोग गर्ने छन् भन्ने हाम्रो विचार छ।

परमेश्वरले सबैको असल गरून्, जयनेपाल.

राजदरबार, काठमाडौं.

इतिसंवत् २०१४ साल फाल्गुण २२ गते रोज ४ शुभम्.

---

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर, प्रेमराज शर्मा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।